# नेपालमा संरक्षित क्षेत्रको व्यवस्थापनका लागि लोकतान्त्रिक कानुनको खाँचो

■ दिलराज खनाल*

## पृष्ठभूमि

विश्वव्यापी तथ्यांकअनुसार संसारको झन्डै १३ प्रतिशत भूभागलाई संरक्षित क्षेत्रका रूपमा घोषणा गरिएको छ (WB 2010) भने नेपालमा पनि सरकारले लगभग २४ प्रतिशत भूभागलाई संरक्षित क्षेत्रका रूपमा घोषणा गरिसकेको छ र यो क्रम अझै निरन्तर बढ्दै छ। यसरी मुलुकको ठूलो भूभागमा फैलिएको संरक्षित क्षेत्रका विभिन्न पक्षहरूमध्ये नीतिगत पक्ष पनि एउटा विशेष महत्वको विषय हो। संरक्षित क्षेत्रको व्यवस्थापन राष्ट्रिय सार्वभौमिकताको विषय भए पनि आदिवासी एवं स्थानीय समुदायका प्रथाजनित कानुन र अन्तर्राष्ट्रिय कानुनले संरक्षित क्षेत्रको कानुनमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। संरक्षित क्षेत्रको अन्तरसम्बन्ध आर्थिक पक्ष र लाभको समन्यायिक बाँडफाँटसँग पनि जोडिएको छ। त्यसैले संरक्षित क्षेत्रको प्राकृतिक स्रोतमा निर्भर रहेका आदिवासी एवं स्थानीय बासिन्दाहरू र निजी क्षेत्रले पनि संरक्षित क्षेत्रको नीति तथा कानुनमा नजिकको सरोकार राख्छन्।

नेपालमा लोकतन्त्रको स्थापनापश्चात् विभिन्न सरोकारवालाहरूले संरक्षित क्षेत्रको विद्यमान कानुन र यसमा रूपान्तरण हुनुपर्ने विषयका बारेमा विभिन्न संवाद चलाउँदै आएका छन्। यी संवादले संरक्षित क्षेत्रमा मानवअधिकारको सुनिश्चिततालाई प्रमुख रूपमा उठाएका छन्। यसैगरी अन्तर्राष्ट्रिय कानुन र मुलुकको संघीय शासन प्रणालीसँग तालमेल गराउँदै आदिवासी समुदायका परम्परागत ज्ञान, सीप र अभ्यासको सम्मान र प्रवर्द्धन गर्नुपर्ने, सहभागितामूलक व्यवस्थापन पद्धतिमा आधारित योजना तर्जुमा प्रक्रिया अपनाउने सवालमा जोड दिएका छन्। यसका साथै जीविकोपार्जन र क्षतिपूर्ति, लाभको समन्यायिक बाँडफाँट, कानुन कार्यान्वयन र दण्डसजायजस्ता विषयहरू जल्दाबल्दा सवालका रूपमा रहेको कुरा उठान गर्दै आएका छन् (NPC 2011; NTNC 2008)। यी सवालहरूलाई सम्बोधन गर्नका लागि नेपालको संरक्षित क्षेत्रसम्बन्धी विद्यमान कानुनमा व्यापक रूपान्तरणको आवश्यकता छ। यिनै कुरालाई मध्यनजर गर्दै प्रस्तुत लेखमा नेपालको संरक्षित क्षेत्र व्यवस्थापन कानुनमा किन रूपान्तरणको खाँचो खड्किएको छ भन्ने बारेमा संक्षिप्त समीक्षा गरिएको छ।

## संरक्षित क्षेत्रको कानुनमा रूपान्तरण हुनुपर्ने पक्षहरू

नेपालको संरक्षित क्षेत्रसम्बन्धी कानुनमा परिवर्तन हुनुपर्ने विषयहरूको पहिचानका लागि यस लेखमा संरक्षित क्षेत्रबाट प्रभावित आदिवासी एवं स्थानीय समुदायका बासिन्दाहरू र सम्बन्धित सरोकारवालाहरूले उजागर गर्दै आएका आवाजहरूलाई मुख्य आधार लिइएको छ।

### नयाँ कानुनको खाँचो

नेपालको ***राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९*** संशोधन गर्ने वा उक्त ऐन खारेज गरी नयाँ कानुन बनाउने भन्ने बारेमा सरकार र सरोकारवालाहरूबीच भिन्न मतहरू रहँदै आएका छन्। उक्त ऐनमा हालसम्म चारपटकसम्म संशोधन गरी सुधार गरिँदै आएकोले नयाँ कानुन बनाउन आवश्यक नभएको भन्ने सरकारी तर्क रहँदै आएको छ भने आदिवासी एवं स्थानीय समुदाय उक्त ऐनमा संशोधन गरी टालटुल गर्दैमा आफ्ना सवालहरू सम्बोधन हुन नसक्ने अडानमा छन्। अन्ततः संशोधनको टालो हालेर समुदायका सवाल सेलाउन दिन खोज्नुभन्दा समुदायमुखी नयाँ कानुन बनाएर गौरव गर्नु बुद्धिमानी हुन्छ।

यद्यपि कैयौं अध्ययनहरूले पनि यस क्षेत्रको कानुनमा व्यापक परिवर्तनको आवश्यकता छ भन्ने कुरा औंलाउँदै आएका छन् । यी सबै पक्षलाई मध्यनजर गर्दा नेपालको संरक्षित क्षेत्रको कानुनका सन्दर्भमा रूपान्तरण हुनुपर्ने केही आधारभूत विषयवस्तुहरू निम्नअनुसार रहेका छन्

## अन्तर्राष्ट्रिय कानुनसाग तालमेल

***जैविक विविधता महासन्धि १९९२ र संरक्षित क्षेत्रको कानुन :*** नेपालले अनुमोदन गरेको जैविक विविधता महासन्धि १९९२, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र संकटापन्न जंगली वनस्पति तथा जीवजन्तुका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (साइटिस) १९७३ संरक्षित क्षेत्रसम्बन्धी मुख्य अन्तर्राष्ट्रिय कानुन हुन् । जैविक विविधताको संरक्षण, दिगो उपयोग र आनुवंशिक स्रोतबाट प्राप्त लाभको स्वच्छ र समन्यायिक बाँडफाँट गर्ने उद्देश्य बोकेको जैविक विविधता महासन्धिको धारा ६ ले प्रत्येक सदस्य राष्ट्रहरूलाई संरक्षित क्षेत्र एवं जैविक विविधतासम्बन्धी आफ्ना प्रचलित कानुन, रणनीति, योजना र कार्यक्रमहरूलाई समयानुकूल बनाउनुपर्ने दायित्व तोकेको छ । त्यस्तै उक्त महासन्धिअनुसार प्रत्येक सदस्य राष्ट्रले आनुवांशिक स्रोतबाट प्राप्त लाभको स्वच्छ र समन्यायिक रूपमा बाँडफाँट गर्ने कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ । संरक्षित क्षेत्र एवं जैविक विविधतासम्बन्धी नीति निर्माण र योजना तर्जुमा प्रक्रियामा सार्वजनिक सहभागिता सुनिश्चितता गर्ने र आनुवंशिक स्रोतमा पहुँच र लाभको समन्यायिक बाँडफाँटका सन्दर्भमा पूर्वसूचित सहमतिको कार्यविधि अवलम्बन गर्नुपर्ने कुरालाई महासन्धिले जोड दिएको छ । नेपालको संरक्षित क्षेत्रसम्बन्धी कानुनको रूपमा रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को समग्र समीक्षा गर्ने हो भने जैविक विविधता महासन्धिमा उल्लिखित कुनै पनि आधारभूत अवधारणालाई यो ऐनमा अंगीकार गरिएको छैन । त्यसैले नेपालको संरक्षित क्षेत्रसम्बन्धी उक्त कानुन खारेज गरी जैविक विविधता महासन्धिको अवधारणालाई आत्मसात् गर्ने नयाँ कानुन तर्जुमा गर्न आवश्यक छ भन्ने कुरामा सबै पक्षले जोड दिनु स्वाभाविकै हो ।

***अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र संरक्षित क्षेत्रको कानुन :*** नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को पनि पक्षराष्ट्र भएकाले उक्त महासन्धिद्वारा तोकिएको दायित्व निर्वाह गर्नबाट पन्छिन मिल्दैन । यस महासन्धिले आदिवासी समुदायको जैविक विविधता एवं संरक्षित क्षेत्रलगायतका प्राकृतिक स्रोतमाथिको अधिकारलाई राष्ट्रिय कानुन पद्धतिभित्र मान्यता प्रदान गर्नुपर्नेछ । यस्ता स्रोतहरूसम्बन्धी कानुनको तर्जुमा र कार्यान्वयनमा आदिवासी समुदायको सहभागिता र पूर्वसूचित सहमतिको सुनिश्चितता गर्नुपर्ने, संरक्षित क्षेत्रका नाममा कुनै पनि आदिवासी समुदायलाई आफ्नो पैत्रिक बसोवासको स्थानबाट विस्थापन नगरिने, आदिवासी समुदायको जैविक विविधतासम्बन्धी परम्परागत ज्ञान, सीप र अध्यासको संरक्षण र सम्मान गर्ने कानुनको तर्जुमा गर्नुपर्नेजस्ता कुराहरूलाई विशेष महत्व दिएको छ । यद्यपि नेपालको संरक्षित क्षेत्रसम्बन्धी कानुनमा यी कुनै पनि कुरालाई एकातर्फ कुनै महत्व नै दिइएको छैन, अर्कोतर्फ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ का कैयौं व्यवस्थाहरू अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ मा गरिएका व्यवस्थाहरूको विपरीत रहेका छन् । उदाहरणका लागि संरक्षित क्षेत्रको घोषणा गर्ने स्वविवेकीय अधिकार उक्त महासन्धिको पूर्वसूचित सहमतिको अवधारणासँग बाझिन्छ । त्यसैले नेपालको संरक्षित क्षेत्रसम्बन्धी कानुन र उक्त महासन्धिमा गरिएका व्यवस्थाहरूका बीचको विरोधाभास हटाउन र संरक्षित क्षेत्रमा आदिवासी एवं स्थानीय समुदायको अधिकार सुनिश्चित गर्नका लागि पनि नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई रूपान्तरण गर्दै नयाँ कानुन तर्जुमा हुनु आवश्यक छ ।

***साइटिस र संरक्षित क्षेत्रको कानुन :*** पक्ष राष्ट्रको हैसियतले नेपालले संकटापन्न जंगली वनस्पति तथा जीवजन्तुका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (साइटिस) १९७३ कार्यान्वयनका लागि विशेष ऐन वा संरक्षित क्षेत्रसम्बन्धी ऐनमा नै विशेष व्यवस्था गर्नु आवश्यक छ । नेपाल सरकारले यस विषयमा विधेयक संसद्मा पेस गरेपछि सरकारी निकायहरूकै कारणले उक्त विधेयक फिर्ता गरियो । खासगरी संकटापन्न जंगली वनस्पति तथा जीवजन्तुका प्रजातिको संरक्षणमा उल्लेखनीय भूमिका खेल्दै आएका स्थानीय समुदायलाई बेवास्ता गरिनु, साइटिसको न्यायिक प्रणाली र दण्डसजायसम्बन्धी अव्यावहारिक व्यवस्था प्रस्ताव गरिनु र अन्य निकाय र नीतिसँग सामनजस्य नहुनु यस विधेयकका केही मुख्य कमजोरीहरू हुन् । त्यसैले साइटिसका विषयमा अलग्गै ऐन तर्जुमा गर्नुभन्दा संरक्षित क्षेत्रसम्बन्धी नयाँ कानुनमा नै यस विषयमा विशेष व्यवस्था गर्नेतर्फ पहल गर्नु बढी व्यावहारिक हुन्छ ।

## आदिवासी समुदायका परम्परागत ज्ञान, सीप र अभ्यासको सम्मान र प्रवर्द्धन

नेपालका सबै संरक्षित क्षेत्रहरू र तिनको आसापासमा बस्ने आदिवासी र स्थानीय समुदायले संरक्षित क्षेत्रको व्यवस्थापन, जैविक विविधताको संरक्षण एवं सदुपयोगमा वर्षौं लगाएर विभिन्न परम्परागत ज्ञान, सीप एवं अभ्यासको विकास गरेका छन् (राई २०६८) । प्रायः सबै मुलुकका संरक्षित क्षेत्रसम्बन्धी कानुनहरूमा आदिवासी समुदायका यस्ता परम्परागत ज्ञान, सीप एवं अभ्यासको संरक्षण र सम्मानका लागि विभिन्न व्यवस्थाहरू गरिएको हुन्छ । छिमेकी मुलुक भारतमा त यसका लागि अलग्गै ऐनको तर्जुमा गरिएको छ । (MTAST 2006) नेपालको संरक्षित क्षेत्रसम्बन्धी विद्यमान कानुनमा आदिवासी समुदायका परम्परागत ज्ञान, सीप एवं अभ्यास र सम्मानको कुनै व्यवस्था गरिएको छैन । तर, कतिपय मार्गदर्शनहरूले यस विषयमा केही अप्रत्यक्ष र सामान्य व्यवस्थाहरू गरेका भए पनि यी व्यवस्थाहरू संरक्षित क्षेत्र व्यवस्थापनमा आदिवासी समुदायका परम्परागत ज्ञान, सीप एवं अभ्यासको संरक्षण र सम्मान गर्ने प्रयोजनका लागि औचित्यहीन रहेका छन् । त्यसैले संरक्षित क्षेत्र व्यवस्थापनका सन्दर्भमा आदिवासी समुदायका परम्परागत ज्ञान, सीप एवं अभ्यासको संरक्षण र सम्मान गर्नेगरी संरक्षित क्षेत्रसम्बन्धी नयाँ कानुनको तर्जुमा गर्नुपर्ने आवश्यकता खड्किँदै आएको छ ।

## मानवअधिकारको सुनिश्चितता

सम्बन्धित क्षेत्रका नागरिकहरूको मानव अधिकारभित्र जीविकाका लागि आफ्ना वरपर रहेका प्राकृतिक स्रोतहरूको उपयोग गर्न पाउने, फौजदारी अभियोगमा पूर्पक्षका लागि कुनै पनि व्यक्तिलाई थुनामा राख्दा यातना दिन नपाउने र अन्तर्राष्ट्रिय न्यायका मान्य सिद्धान्तअनुसार संरक्षित क्षेत्रको लाभमा हिस्सेदार हुन पाउने कुराहरू पर्छन् । नेपालका संरक्षित क्षेत्रहरूमा भने आदिवासीहरूलाई यातना दिने, स्थानीय समुदायका महिलाहरूको विभिन्न किसिमले शोषण गर्ने, लाभको बाँडफाँटमा प्रत्यक्ष हिस्सेदार हुन नदिने, बाध्यात्मक रूपमा परम्परागत एवं पैत्रिक थलोबाट विस्थापन गराउनेजस्ता कार्यहरू हुँदै आएका छन् (खनाल र घिमिरे, २०६५) । नेपालको संरक्षित क्षेत्रसम्बन्धी विद्यमान कानुनमा मानवअधिकारको सम्मान र संरक्षणका लागि कुनै व्यवस्था नगरिएकाले यस कानुनलाई मानवअधिकारविरोधी कानुनको रूपमा पनि चित्रित गरिँदै आएको छ । त्यसैले पनि संरक्षित क्षेत्रसम्बन्धी वर्तमान कानुनलाई रूपान्तरण गरी संरक्षित क्षेत्रमा मानवअधिकारको सम्मान गर्नेगरी नयाँ कानुन तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

## बहुपक्षीय र बहुउद्देश्यीय संरक्षित क्षेत्र व्यवस्थापन पद्धति र ढाँचाहरू

संस्थागत र शासकीय स्वरूपका दृष्टिकोणले विश्वमा सरकार आफैंले संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नुको अलावा संयुक्त र सामुदायिक रूपमा व्यवस्थापन गर्ने पद्धतिहरू प्रचलनमा आइरहेका छन् । त्यसैगरी संरक्षित क्षेत्रहरूको महत्व र संवेदनशीलताका आधारमा विभिन्न ढाँचा (जस्तै : संरक्षणलाई मात्र प्राथमिकता दिने र संरक्षण एवं सदुपयोग दुवैलाई महत्व दिने) मा व्यवस्थापन गर्न सकिन्छ (Dudley 2008) । यद्यपि नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा भने शासकीय दृष्टिकोणले सरकार र सरकार नियन्त्रित संस्थाहरूले एकल रूपमा मात्र संरक्षित क्षेत्र व्यवस्थापन गर्न पाउने व्यवस्था गरिएको छ । एउटा संरक्षित क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी स्थानीय परिषद्लाई सुम्पिएको भएतापनि यसबारे ऐनमा केही पनि व्यवस्था छैन र एउटा सामान्य नियमावलीका आधारमा परिषद्लाई संरक्षित क्षेत्र सुम्पने निर्णयले दिगो रूपमा कानुनी मान्यता प्रदान गरिएको भन्न सकिने स्थिति छैन । त्यस्तै नेपालको कानुनले संरक्षित क्षेत्र व्यवस्थापनको उद्देश्यलाई संरक्षण र सदुपयोगभन्दा पनि संरक्षणकेन्द्रित गरेको छ, जसले गर्दा संरक्षित क्षेत्रका जैविक स्रोतहरूमा जीवन निर्भर रहेका आदिवासी र स्थानीय बासिन्दालाई गम्भीर असर पर्दै आएको छ । त्यसैले बहुपक्षीय व्यवस्थापन पद्धति र बहुउद्देश्यीय व्यवस्थापन ढाँचामा संरक्षित क्षेत्र व्यवस्थापन गर्न सकिने गरी नयाँ कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता खड्किँदै आएको छ । यस्ता विभिन्न किसिमका व्यवस्थापन पद्धतिका लागि योजना तर्जुमा गर्ने र स्वीकृत गर्ने प्रक्रिया पनि सहभागितामूलक र विकेन्द्रीकरणमा आधारित हुन आवश्यक छ ।

## संघीयतासँग संरक्षित क्षेत्रको तालमेल

संघीय संरचनाको स्वरूप तय गर्ने नेपालको नयाँ संविधानमा संरक्षित क्षेत्रहरू केन्द्र सरकार वा प्रान्तमध्ये कसको नियमनमा रहने भन्नेबारेमा सहमति जुट्न केही समय लाग्नु स्वाभाविकै हो किनकि संविधानसभाको चुनावका समयमा राजनीतिक दलहरूले यस विषयमा खासै वास्ता नगरे पनि आर्थिक अधिकार र राज्यशक्ति बाँडफाँटको टुंगो लगाउने समयमा यो विषय निकै चोटिलो बन्न पुगेको छ। संरक्षित क्षेत्रको अन्तर्राष्ट्रिय सरोकार र स्थानीय आर्थिक महत्वलाई मध्यनजर गर्दा संरक्षित क्षेत्रलाई केन्द्र र प्रान्तीय सरकारको संयुक्त नियममा राख्नु उत्तम विकल्प हुन सक्छ। यद्यपि संरक्षित क्षेत्रसम्बन्धी नेपालको विद्यमान कानुनको रूपमा रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा गरिएका सबै व्यवस्थाहरू केन्द्रीकृत प्रकृतिका भएका र यी व्यवस्थाहरू संघीयताको अवधारणासँग तालमेल खाने प्रकृतिका नभएकाले सो ऐनलाई रूपान्तरण गरी कानुन तर्जुमा गर्नुको विकल्प रहेको देखिँदैन।

## जनजीविका, गरिबी न्यूनीकरण र क्षतिपूर्ति

पर्यापर्यटन र वातावरणीय सेवाको आपूर्तिका लागि प्रचुर सम्भावना रहेका संरक्षित क्षेत्रहरूबाट पर्याप्त आर्थिक उपार्जन हुने सम्भावना छन्। संरक्षित क्षेत्रहरूको अहिलेकै आम्दानीलाई पनि कम सन्तोषजनक भन्न मिल्दैन। यद्यपि संरक्षित क्षेत्रहरूको यस्तो आम्दानी संरक्षित क्षेत्रमा नै जीवन निर्वाहमा रहेका, संरक्षित क्षेत्रबाट दैनिक रूपमा प्रभावित हुँदै आएका र संरक्षित क्षेत्रका कारण विस्थापनमा परेका जनताको जीविका र गरिबी न्यूनीकरणका लागि उपयोग हुन सकेको छैन। यसको एउटा मुख्य कारण विद्यमान कानुनको उद्देश्य हो, जसले जनजीविका र गरिबी न्यूनीकरणका लागि कुनै महत्व दिएको छैन। उक्त कानुनले संरक्षित क्षेत्रका बासिन्दाहरूको घरधुरी तहमा कसरी लाभ पुऱ्याउने भन्नेबारेमा कुनै खाका दिन सक्दैन। त्यसैले संरक्षित क्षेत्रका लागि नयाँ बन्ने कानुनमा नै जनजीविका र गरिबी न्यूनीकरणका लागि विशेष व्यवस्थाहरू गर्नु आवश्यक छ।

वन्यजन्तुबाट हुने जनधनको क्षतिबापतको क्षतिपूर्ति नेपालका संरक्षित क्षेत्रहरूको एउटा गम्भीर सवाल हो। विद्यमान अभ्यास र अनुभवहरूले के देखाएका छन् भने संरक्षित क्षेत्रको आम्दानी र जनधनको क्षतिबापत पाउने रकमबीचमा ठूलो खाडल रहेको छ। यो समस्यालाई सम्बोधन गर्नका लागि विद्यमान कानुनले कुनै निकास दिन सक्दैन र यसका लागि बनाइएको मार्गदर्शन पनि कानुनी अडचनका कारण निकम्मा बन्न पुगेको छ। त्यसैले क्षतिपूर्तिको सवाललाई सम्बोधन गर्नका लागि नयाँ कानुनको तर्जुमा गर्ने र यस्तो कानुनमा जैविक विविधता कोषको व्यवस्था गरी सोही कोषका माध्यमबाट न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउने परिपाटीको विकास गर्नु नै सबैभन्दा प्रभावकारी उपाय हुन्छ।

## लाभको बाँडफाँट

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित क्षेत्रबाट मध्यवर्ती क्षेत्रमा प्राप्त हुने लाभको बाँडफाँटका विषयमा गरिएको व्यवस्था सरकारको स्वविवेकीय अधिकारमा आधारित रहेको छ किनकि उक्त ऐनमा "निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीमध्ये तीसदेखि पचास प्रतिशतसम्म रकम स्थानीय निकायसँग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासका लागि खर्च गर्न सकिनेछ" भन्ने व्यवस्था गरिएको छ। त्यसैले यो व्यवस्था संरक्षित क्षेत्र व्यवस्थापन गर्ने निकाय वा संस्था र स्थानीय समुदायका बीच संरक्षित क्षेत्रको लाभको बाँडफाँट गर्नेभन्दा पनि संरक्षित क्षेत्रको आम्दानीलाई सामुदायिक विकासका नाममा सरकार आफैँले स्वविवेकको प्रयोग गरी नियन्त्रण गर्ने अवधारणामा आधारित रहेको छ। यस्तो व्यवस्थाले लाभको बाँडफाँटको वास्तविक मर्मलाई समेट्न सक्दैन र हाल संरक्षित क्षेत्रबाट प्राप्त लाभलाई मध्यवर्ती क्षेत्रहरूमा पुऱ्याउनका लागि बनाइएको परिषद्को संस्थागत संरचना र सरकारी निर्णय प्रक्रियाले पनि यो कुरालाई पुष्टि गर्छ। त्यसैले संरक्षित क्षेत्रको लाभको समन्यायिक बाँडफाँटका लागि जैविक विविधता महासन्धि १९९२ मा गरिएको व्यवस्थालाई नेपालको परिवेश र आदिवासी एवं स्थानीय समुदायको आवश्यकताअनुसार नयाँ कानुनी व्यवस्थामा प्रतिविम्बित गर्नुपर्ने हुन्छ।

## सुरक्षा सरोकार र दण्डसजाय

नेपालको संरक्षित क्षेत्र व्यवस्थापनसम्बन्धी कानुनमा संरक्षित क्षेत्रहरूको संरक्षणका लागि सुरक्षा निकाय परिचालन गर्ने व्यवस्था रहेको छैन तथापि नेपाल सरकारले नेपालका आधिकांश संरक्षित क्षेत्रहरूको सुरक्षाका नाममा सेना परिचालन गर्दै आएको छ । कुनै कानुनी आधारबिना नै संरक्षित क्षेत्रमा सुरक्षा निकाय परिचालन गर्दा एकातर्फ सुरक्षा निकाय आफ्नो स्वविवेकमा परिचालित हुने र अर्कोतर्फ संरक्षित क्षेत्रमा जीवन निर्वाहका लागि निर्भर रहेका आदिवासी एवं स्थानीय समुदायमा बासिन्दाहरू सुरक्षा निकायबाट पीडित हुने क्रम निरन्तर जारी रहेको छ (सा.वि.सं. २०६८) । त्यसैले संरक्षित क्षेत्रमा सुरक्षा निकाय परिचालन गर्ने वा नगर्ने र गर्ने भए कस्तो प्रकृतिको सुरक्षा निकाय कुन उद्देश्यका लागि परिचालन गर्ने भन्ने कुरामा गम्भीर बहस हुनु आवश्यक छ । यदि कुनै अति संवेदनशील संरक्षित क्षेत्रका विशेष प्रजातिका वन्यजन्तु र वनस्पतिहरूको सुरक्षाका लागि सुरक्षा निकाय परिचालन गर्न आवश्यक छ भने ऐनमा नै व्यवस्था गरेर त्यस्तो सुरक्षा निकायको प्रकृति, अधिकार क्षेत्र र उद्देश्यसमेत किटान गर्नु उपयुक्त हुन्छ । तर, एउटा वास्तविक पक्ष के हो भने नेपालका प्रायः अधिकांश संरक्षित क्षेत्रमा सुरक्षा निकाय परिचालन गर्नु आवश्यक र उपयुक्त छैन किनकि यस्ता संरक्षित क्षेत्रहरूको संरक्षण र सुरक्षाका लागि स्थानीय समुदायहरू आफैं नै सक्षम रहेका छन् ।

संरक्षित वन्यजन्तुसम्बन्धी फौजदारी न्याय प्रशासन संरक्षित क्षेत्रको एउटा अर्को विवादास्पद सवाल हो, जसका विषयमा लामो समयदेखि प्रश्नहरू उठ्दै आएका भए तापनि सबै पक्षका लागि चित्तबुझ्दो न्यायिक संरचना र प्रणालीको विकास हुन सकेको छैन । अहिलेको मुख्य विवाद भनेको वन्यजन्तुसम्बन्धी फौजदारी मुद्दा हेर्ने प्रयोजनका लागि अर्धन्यायिक निकायका रूपमा रहेको निकुञ्ज वा आरक्ष प्रशासन आफैंले मुद्दा तहकिकात गर्ने र आफैं निर्णय गर्ने व्यवस्था कायम राख्ने कि मुद्दा तहकिकात गर्ने र न्यायिक निरूपण गर्ने निकायहरू अलगअलग हुनुपर्ने भन्ने नै हो । त्यसैले यस्तो सवाल समाधानका लागि वन्यजन्तुसम्बन्धी फौजदारी मुद्दाको तहकिकात र न्यायिक निरूपण गर्ने निकाय अलगअलग हुने व्यवस्था गर्नु नै न्यायको दृष्टिकोणले उचित हुन्छ ।

## निष्कर्ष

अन्तर्राष्ट्रिय कानुनका रूपमा रहेका खासगरी जैविक विविधता महासन्धि १९९२ र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को भावना र मर्मलाई आत्मसात् गर्नका लागि नेपालले संरक्षित क्षेत्रसम्बन्धी नयाँ कानुन तर्जुमा गर्नै पर्ने हुन्छ । त्यस्तै नेपालका राजनीतिक दलहरूले संविधानसभाको निर्वाचनका बखत जनाएका प्रतिबद्धता र संरक्षित क्षेत्र वा सोको आसपासमा बस्ने समुदायका मागहरूलाई सम्बोधन गर्नका लागि पनि यस विषयमा नयाँ कानुनको खाँचो खड्किएको छ । संरक्षित क्षेत्रमा बहुपक्षीय शासकीय पद्धति र बहुउद्देश्यीय व्यवस्थापन प्रणालीका लागि पनि नेपालको वर्तमान कानुन साँगुरो र असान्दर्भिक भएकाले नयाँ कानुनको खाँचो खड्किएको छ । त्यसैले अन्तर्राष्ट्रिय कानुन, नेपालको संघीय संरचना र आदिवासी एवं स्थानीय समुदायको आवाजसमेतलाई ध्यान दिँदै संरक्षित क्षेत्रका लागि नयाँ कानुन तर्जुमाको खाँचो छ भन्ने कुरा स्पष्ट नै रहेको छ । यद्यपि यस्तो कानुनको तर्जुमा कसरी गर्ने भन्ने बारेमा भने सरोकारवालाहरूका बीचमा साझा सहमति हुनु पनि उत्तिकै आवश्यक छ ।

## सन्दर्भ सामग्री


**Dudley, N. (Ed).** 2008. Guideline for Applying Protected Areas Management Categories: Gland, Switzerland: IUCN

**MTAST.** 2006. Recognition of Forest Rights Act. Ministry of Tribal Affairs and Scheduled Tribes, Government of India.

**NTNC.** 2008. Shifting Paradigms in Protected Areas Management. Nepal Trust for Nature Conservation, Kathmandu, Nepal.

**World Bank.** 2010. Valuing Protected Areas. Washington DC: The World Bank.

**NPC.** 2011. Three Years Plan (2067/68 – 2069/70). Government of Nepal, National Planning Commision, Kathmandu.

**खनाल, दिलराज र सोमत, घिमिरे ।** २०६५ । संरक्षित क्षेत्र व्यवस्थापनमा सामुदायिक सरोकार । सामुदायिक विकास संगठन, काठमाडौं ।

**राई, जैलवकुमार** । २०६८ । नेपालमा संरक्षित क्षेत्र व्यवस्थापनको लोकतन्त्रीकरणः आदिवासी तथा स्थानीय समुदायद्वारा संरक्षित क्षेत्रको पहिचान र तिनको सशक्तीकरण । फरेस्ट एक्सन, काठमाडौं, नेपाल ।

**नेपाल सरकार** । २०२९ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ । काठमाण्डौंः नेपाल सरकार ।

**सामुदायिक विकास संगठन** । २०६८ । निकुञ्ज र आरक्षको लोकतान्त्रिकरण (मानवअधिकार तथा समावेशी मुद्दा) । काठमाडौं, नेपाल

●●●

* *खनाल फेकोफनमा कार्यरत हुनुहुन्छ ।*